अनुसुचि १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री टप्पर महिला सामुदायिक वन उपभोक्ता समूह

गुलरिया न.पा. ४, तुल्सिपुर, बर्दिया

प.स.

च.नं.

मिति: २०८३/०४/२६

विषयः गोलिया काठ र दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना ।

लट नं. १, २ र ३ (२०८३/०८४)

<u>पहिलो पटक सुचना प्रकाशन मिति २०८३।०४।२६</u>

श्री टप्पर महिला सामुदायिक वन उपभोक्ता समूहको वनबाट आ.व.२०८२/०८३ मा रुखहरु कटान मुछान गर्दा उत्पादित गोलिया काठ गुलरिया न.पा. ०४, को घाटगद्दिमा रहेको तपसिलमा उल्लेखित परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, सघंसस्था, फर्म वा कम्पनीले यो सुचना नागरिक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०४/२६ गते प्रकाशन भएको मितिले २१ दिन भित्र यस समूहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० बजे भित्रको समयमा यस टप्पर महिला सामुदायिक वन उपभोक्ता समुहको कार्यालय गुलरिया न.पा. वडा नं. ४ बर्दिया र डिभिजन वन कार्यालय बर्दियामा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

<u>तपसिल</u>

१.वन पैदावारको बिवरणः-

| वन पैदावार | | | | | | | मुल्याङकन (रु.) | |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाङ्ग नं. | जात | ग्रेड | किसिम | थान | परिमाण घ.फि. | न्युनतम मुल्य रु. | सङ्कलन खर्च |
| १ | १,२,३, ५ र ६ | सिसौ | A | गोलिया | ३७ | २९६।६६ | २०७६६२। | काठ संकलन खर्च प्रति क्यू.फि. रु.१२५/- र दाउराको हकमा प्रतिचट्टा रु ८५०० साकार कर्ताले व्यहोर्नु पर्नेछ । |
| | | सिसौ | B | गोलिया | ६०६ | १७०३।३६ | ८५१६८०। | |
| | | सिरिस | A | गोलिया | ४ | ३७।२९ | १११८७। | |
| | | सिरिस | B | गोलिया | १७ | ४८।५२ | ९७०४। | |
| | | जम्मा | | | ६६४ | २०८५।८३ | १०८०२३३। | |
| २ | ४ | सिमल | N | गोलिया | ६५ | २५२।५० | ३७८७५। | |
| | | अन्य दाउरा | | | ०।५ | २०००। | २०००। | |
| ३ | | सिसौ दाउरा | | | | ३ चट्टा | ३६००० /- | |

२.बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति:२०८३।०५।१६ (ख) समय दिउँसो १२:०० बजेसम्म ।

३.बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको राष्ट्रिय बाणिज्य बैक, गुलरिया शाखा कार्यालय, बर्दियामा रहेको हिसाब नं. ४१४०१००००८४००००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर/-----------------बैंकमा कम्तिमा ६ महिना अवधिको बैंक जमानत समावेश हुनुपर्नेछ ।

४.बोलपत्र फारमको लट नं १ को रु. २०००।– र लट नं २ को रु ३०० ।– र लट नं ३ को ३०० पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद गरि खरिद गरेको निकायमा दाखिला गर्नु पर्नेछ ।

अनुसुचि १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री टप्पर महिला सामुदायिक वन उपभोक्ता समूह

## गुलरिया न.पा. ४, तुल्सिपुर, बर्दिया

५.लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय दिनको ५:०० बजे भित्र टप्पर महिला सामुदायिक वन उपभोक्ता समुहको घाटगद्दि स्थलमा गई हेर्न सकिनेछ।

६.लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ,फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिबृद्वी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि वा स्थाई लेखा नम्वर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

७.निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०५।१६ गते दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८.लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिबृद्धी कर, अग्रिम आय कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नेछ ।

९.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नुपर्नेछ ।अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०.प्रस्तुत बोलपत्रको सम्वन्धमा कुनै बिवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णय दिने अधिकार सम्बन्धित निकायको हुनेछ ।

११. रितपुर्वक नभएको वा शर्त राखिएको र म्याद नाघि प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१२. प्रस्तुत बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य कुराहरु प्रचलीत कानुन अनुसार हुनेछ ।

नागरिक आर्थिक

मंगलबार, २६ साउन २०८३, Tuesday, 11 August 2026



## बजार

सुन तोला - ३०१,५००
चाँदी तोला - ४६००

| विदेशी मुद्रा | | खरिद | बिक्री |
|---|---|---|---|
| अमेरिकी डलर | - | १५२.१९ | १५२.७९ |
| युरो | - | १७५.८९ | १७६.५८ |
| पाउन्ड स्टर्लिङ | - | २०५.३० | २०६.१८ |

# नाइमा मोबिलिटी एक्स्पो आजबाट




काठमाडौं, साउन २५ (नागरिक)- मंगलबार (साउन २६) देखि ३१ गतेसम्म भृकुटीमण्डपमा सञ्चालन हुने नाइमा नेपाल मोबिलिटी एक्स्पोको सम्पूर्ण तयारी पूरा भएको नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) ले जनाएको छ। भृकुटीमण्डपको प्रदर्शनीस्थलमा यसवर्ष ५५ वटा ब्रान्ड सहभागी भएका छन्। एक्स्पोमा ४० वढी नयाँ सवारी साधन सार्वजनिक हुँदैछन्।

आयोजक संस्था नाइमाले यो दोस्रो संस्करणको एक्स्पो गर्न लागेको हो। यसपटक पहिलो संस्करणभन्दा अझै व्यवस्थित तवरले सम्पन्न गर्ने लक्ष्य नाइमाको छ। यस एक्स्पोमा लर्निङ सेसन समेत रहेको र त्यसमा सहभागी हुने अवलोकनकर्तालाई नयाँ प्रविधिसम्बन्धी जानकारी निःशुल्क उपलब्ध गराइने जनाइएको छ। यस एक्स्पोमा ५५ अटोमोबाइल ब्रान्डहरूको सहभागिता र ५१ स्टलबाट नयाँ गाडीहरूको प्रदर्शनी गरिने भएको छ। सोमबार साँझसम्म यो एक्स्पो सजाउने तयारी पनि पूरा भएको नाइमाले जनाएको छ। सोमबार दिनभर केही स्टलमा सहभागी व्यवसायीले आफ्नो ब्रान्डको पहिचान झल्काउने गरी विशेष र विलासी डिजाइनहरू तयार पारेका छन्। यस पटकको एक्स्पोको मुख्य आकर्षण भनेको ४० वटा नयाँ ब्रान्ड तथा मोडलहरू सार्वजनिक हुनु हो। सवारी साधन पारखीका लागि यो निकै उत्साहजनक कुम्भ मेला हो।

यस पटकको एक्स्पोमा बिवाइडी, निसान, टाटा, टोयोटा, अथर, हुन्डाई, किया, महिन्द्राजस्ता लोकप्रिय र स्थापित ब्रान्डका साथै फोर्थिङ, डोङफेङ, लिपमोटर र म्याक्ससजस्ता नयाँ ब्रान्ड पनि सहभागी हुनेछन्। यसैगरी पारामाउन्ट मोटर्सको स्टलमा विशेष आकर्षण रहनेछ। किनभने त्यस स्टलमा होङ ची गुओली ब्रान्डको गाडी राखिने भएको छ। चिनियाँ राष्ट्रपति सी जिनपिङले प्रयोग गर्दै आएको भएकाले यो गाडीको ब्रान्ड र चर्चा खुलिएको बताइएको छ। यस एक्स्पोमा टोयोटाले आफ्नो स्टलमा दुईवटा नयाँ मोडल सार्वजनिक गर्ने तयारी गरेको छ। टोयोटाले एक्स्पो अवधिभर गाडी खरिदमा ३ देखि २१ लाख रुपैयाँसम्मको आकर्षक छुट दिने घोषणा समेत गरेको छ। जसले ग्राहकलाई निकै आकर्षित गर्ने देखिन्छ। यसैगरी पारामाउन्ट मोटर्सले पनि आठ वटा नयाँ मोडल सार्वजनिक गर्ने बताएको छ।

नाइमाका अनुसार यस एक्स्पोमा दुई पाङ्ग्रे सवारी र विद्युतीय चार पाङ्ग्रे मात्र नभई तीन पाङ्ग्रे सवारी साधनहरूको उपस्थिति रहनेछ। टिभीएस लगायतका ब्रान्डले आफ्ना नयाँ स्कुटर र बाइकहरू प्रदर्शन गर्ने जनाइएको छ।

# 'लगानी बढाउनुस्, नाफाको सुरक्षा सरकारले लिन्छ'

नागरिक संवाददाता
काठमाडौं, साउन २५



अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नेपालमा लगानी गरेका बहुराष्ट्रिय ठूला करदाता कम्पनीहरूलाई थप लगानी भित्र्याउन आग्रह गरेका छन्। सोमबार अर्थमन्त्रालयमा आयोजित छलफलमा अर्थमन्त्री वाग्लेले यस्तो आग्रह गरेका हुन्। नेपालमा नयाँ लगानी भित्र्याउन, भइरहेको लगानी विस्तार गर्न र नयाँ रोजगारी सिर्जना गर्न २० वटा ठूला बहुराष्ट्रिय करदाता कम्पनीलाई यस्तो आग्रह गरेका हुन्। 'नेपालमा अझ ठूलो लगानी गर्नुहोस्, भइरहेको उद्योग विस्तार गर्नुहोस्', अर्थमन्त्री वाग्लेले भने, 'नयाँ उत्पादन र प्रविधिमा प्रवेश गर्नुहोस्। सरकार तपाईंहरूको साथमा छ।'

अर्थमन्त्री वाग्लेको आग्रहपछि एकपछि अर्को गर्दै पालैसँग सो छलफलमा आफ्नो धारणा राखेका विभिन्न कम्पनीका प्रतिनिधिहरूले छिट्टै नेपालमा दुई खर्ब रुपैयाँ लगानीको प्रक्रिया अघि बढिरहेको भन्दै थप नीतिगत स्थिरता भएको खण्डमा लगानी बढाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरे।

जलविद्युत्, पेन्ट उद्योग, होटल र पेय पदार्थलगायतका उत्पादनमूलक क्षेत्रका विभिन्न परियोजनाहरूमा आफूहरूले लगानी विस्तारको प्रक्रिया अघि बढाएको जानकारी विभिन्न कम्पनीका उच्च अधिकारीहरूले अर्थमन्त्रीलाई गराएका थिए। 'जलविद्युत्, खाद्य, होटल, पेन्टजस्ता उद्योगमा हामी दुई सय अर्ब लगानी गर्दैछौं', बहुराष्ट्रिय कम्पनीका प्रमुखहरूले भने, 'सरकारले अनुकूल वातावरण बनाओस्, हामी लगानी विस्तार गर्न तयार छौं। यसले रोजगारी र अर्थतन्त्र दुवैको वृद्धिमा भूमिका निर्वाह गर्छ।'

यो सरकारले ल्याएको बजेटले विदेशी लगानीकर्ताहरूको मनोबल उल्लेख्य रूपमा उच्च बनाएको भन्दै उनीहरूले केही नीतिगत र व्यावहारिक पाटोहरूमा भने सरकारलाई उदार बन्न पनि आग्रह गरे। बहुराष्ट्रिय कम्पनीहरूको कच्चा पदार्थ आयातमा स्थिर भन्सार दर, नेपालमा उपलब्ध हुने कच्चा पदार्थ प्राप्तिमा सहजीकरण र मूल्य नियन्त्रण, जग्गाको हदबन्दी फुकुवा, स्थानीय तहपिच्छेको कर निर्धारणलगायतका विषयमा सरकारले सहजीकरण गर्न जरुरी रहेको उनीहरूको माग थियो। यस्तै, औद्योगिक वातावरण राम्रो बनाउन आवश्यक पर्ने आधारभूत सेवाप्रवाहलाई प्रविधिमैत्री बनाउन पनि उनीहरूले अर्थमन्त्रीको ध्यानाकर्षण गराए। दोहोरो करको झन्झट हटाउन र प्रतिफल फिर्ताको प्रक्रियालाई सहज बनाउन पनि उनीहरूले अर्थमन्त्री वाग्लेसमक्ष आग्रह गरे।

सो छलफलमा सूर्य नेपाल, एनसेल आजियाटा लिमिटेड, आरती स्ट्राइप्स, गोर्खा ब्रुअरी, हिमालय एक्सलाइन्स, होङ्सी शिवम् सिमेन्ट, हुवान इनर्जीसिटी, डाबर नेपाल, बोटलर्स नेपाल, युनिलिभर नेपाल, एसियन पेन्टस्, पावर कन्स्ट्रक्सन, गोर्खा लाहारी, हुवासिन सिमेन्ट नारायणी, न्युहोप एग्रो बिजनेस, नेपाल वेलहोप एग्री टेक, वरुण बेभरेज, टर्किस एयरलाइन्स, भोटेकोशी पावर कम्पनी र बर्जर पेन्टस् जस्ता बहुराष्ट्रिय कम्पनीका नेपाल प्रमुख तथा स्वदेशी लगानीकर्ताहरूको सहभागिता थियो।

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय कमलादी, काठमाडौंका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना।

(सूचना प्रकाशित मिति २०८३/०४/२६ गते मंगलबारको नागरिक राष्ट्रिय दैनिक)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरतारेता गर्दा समेत साँको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकको कर्जा असुलीका लागि मिति २०८१/११/०५ गते सोमबारको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम ऋणी तथा जमानतकर्ताले कर्जा चुक्ता नगरेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रूपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मूल्यमा खरिद गरी लिने हो, सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **मुख्य शाखा कार्यालय बबरमहल, काठमाण्डौं**मा दाखिल गर्नु हुन इच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **मुख्य शाखा कार्यालय बबरमहल, काठमाण्डौं**मा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरू बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्च: यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रूपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लेखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

**क. ऋणी, सञ्चालक तथा जमानतकर्ताको विवरण :**

| | |
|---|---|
| **ऋणी** : नेपाल सरकार (साविक श्री ५ को सरकार), उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौंमा कम्पनी ऐन २०५३ बमोजिम मिति २०६०/०१/२४ गते प्रा.लि.नं. २२६१७/०५९/०६० मा दर्ता भई नेपाल सरकार अर्थमन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, काठमाण्डौं १ बाट मिति २०६०/०३/०५ मा स्थायी लेखा नम्बर (प्यान) दर्ता प्रमाणपत्र नं. ३०११३४८६४ को प्रमाणपत्र प्राप्त **मार्क फर्मुलेसन्स प्रा.लि.**। रजिष्टर्ड ठेगाना: काठमाण्डौं जि. काठमाण्डौं म.न.पा. वडा नं. ३५ (हाल का.म.न.पा. वडा नं. ३२)। हालको ठेगाना: काठमाण्डौं जि. काठमाण्डौं म.न.पा. वडा नं. १०। | **सञ्चालक तथा जमानतकर्ता : मनोज अधिकारी** (ना.प्र.नं. १७९८/०४६) जारी मिति २०४६/०२/१७, जारी गर्ने कार्यालय जि.प्र.का. काठमाण्डौं।। स्थायी ठेगाना : रामेछाप जिल्ला, गेलु साबाङ्डाडा वडा नं. ४ (हाल मन्थली न.पा. वडा नं. १२)। हालको ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १०। बाबु : भूपध्वज अधिकारी। बाजे : सैनध्वज अधिकारी। |
| **सञ्चालक तथा जमानतकर्ता : अरुण अधिकारी** (ना.प्र.नं. ३८२१-४७०-१९१७, जारी मिति २०३६/०४/१३ जारी गर्ने कार्यालय जि.प्र.का. काठमाण्डौं।। स्थायी ठेगाना : काठमाण्डौं जिल्ला, काठमाण्डौं म.न.पा. वडा नं. १०। हालको ठेगाना : भक्तपुर जिल्ला, मध्यपुर थिमि न.पा. वडा नं. १, लोकन्थली। बाबु : प्रेमेतम शर्मा। बाजे : रेवती रमन अधिकारी। | **सञ्चालक तथा जमानतकर्ता : राम चन्द्र लोहनी** (ना.प्र.नं. २०३८/०३५। जारी मिति २०४८/०६/१३ जारी गर्ने कार्यालय जि.प्र.का. चितवन।। स्थायी ठेगाना : चितवन जिल्ला, पटिहानी गा.वि.स. वडा नं. ३ (हाल भरतपुर म.न.पा. वडा नं. २२)। बाबु : केदार सिंह लोहनी। बाजे : रण बहादुर लोहनी। |
| **सञ्चालक तथा जमानतकर्ता : प्रदिप कुमार राजभण्डारी** (ना.प्र.नं. ८२४४/४६४३ जारी मिति २०३९/०७/२१ जारी गर्ने कार्यालय जि.प्र.का. काठमाण्डौं। ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २९ हाल का.म.न.पा. वडा नं. २६।। बाबु : मोती कुमार राजभण्डारी। बाजे : राज कुमार राजभण्डारी। | **सञ्चालक तथा जमानतकर्ता : सन्तोष भट्टराई** (ना.प्र.नं. ८६५, जारी मिति २०४४/०८/०४, जारी गर्ने कार्यालय जि.प्र.का. भक्तपुर। स्थायी ठेगाना : भक्तपुर जिल्ला, दिव्येश्वरी गा.वि.स. वडा नं. ३। हालको ठेगाना : भक्तपुर जिल्ला, मध्यपुर थिमि न.पा. वडा नं. ३, कौशलटार। बाबु : श्री प्रसाद भट्टराई। बाजे : खड्गनाथ भट्टराई। |
| **सञ्चालक तथा जमानतकर्ता : नवराज तिवारी** (ना.प्र.नं. १८२१, जारी मिति २०३९/१२/२१ जारी गर्ने कार्यालय जि.प्र.का. भक्तपुर। स्थायी ठेगाना : भक्तपुर जिल्ला, मध्यपुर थिमि न.पा. वडा नं. १, (साविक लोकन्थली गा.वि.स. वडा नं. ३)। बाबु : भक्त लाल तिवारी। बाजे : दुर्गा लाल तिवारी। | **सञ्चालक तथा जमानतकर्ता : राजेन्द्र प्रसाद पौडेल** (ना.प्र.नं. ८ जारी मिति २०४३/०४/०१ जारी गर्ने कार्यालय जि.प्र.का. स्याङ्जा।। स्थायी ठेगाना : स्याङ्जा जिल्ला, आरुचौर गा.वि.स. वडा नं. ४ (हाल अर्जुन चौपारी गा.पा. वडा नं. १)। बाबु : दिवाकर शर्मा पौडेल। बाजे : बलभद्र पौडेल। |

**ख. धितो सुरक्षण बापत रहेको सम्पत्तिको विवरण :**

१. **मार्क फर्मुलेसन्स प्रा.लि.**को नाममा मालपोत कार्यालय कलंकी, काठमाण्डौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, धापाकोट गा.वि.स. वडा नं. १ नक्सा सिट नं. १ख कित्ता नं ६२, २५५ र २५६ क्षेत्रफल ३-०-३-०, १-१४-०-० १-१४-०-० (रोपनी) को घर/जग्गा, उक्त घर/जग्गाले चर्चेको र भोगचलनमा पर्ने सम्पूर्ण लिगलगापात समेत ....... १

२. ऋणी **मार्क फर्मुलेसन्स प्रा.लि.**को स्वामित्वमा रहेको चालु सम्पत्तिहरू उपर हाइपोथिकेसन सुरक्षण ....... १

**नोट** धितो बापत यस बैंकको नाममा रहेको निम्नानुसारको सवारी साधन यस बैंकलाई बुझाउनु हुन समेत ऋणी तथा जमानतकर्ताहरूलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

सवारी साधनको विवरण :

३. धनी प्रभु बैंक (साविक सेन्चुरी कमर्सियल बैंक लि.) ऋणी **मार्क फर्मुलेसन्स प्रा.लि.** भई बागमती अञ्चल यातायात कार्यालयमा दर्ता भएको, ईन्जिन नं. SLTHT3AR261467 र च्यासिस नं. MBUWEL4X-AR0268375 बनाउने कम्पनी SML Isuzu Pvt. Ltd. बनोट/ १७ सिट सवारी नं. बा. प्र ३ ०१ ००३ क ७८१२ को BUS ....... १

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौं स्थित **कर्जा असुली विभाग र शाखा कार्यालय कमलादी**बाट समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजस्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय बबरमहल, काठमाण्डौं** स्थित कर्जा असुली विभाग र शाखा कार्यालय कमलादीमा सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७९१०००

## साइमेक्सको 'बिवाइडी अपडेट टु केयर प्लस' अभियान



काठमाडौं, साउन २५ (नागरिक)- साइमेक्स इंक प्रालिले ग्राहकको स्वामित्व अनुभवलाई सहज, सुरक्षित र प्रविधिमैत्री बनाउने उद्देश्यले 'बिवाईडी अपडेट टु केयर प्लस' अभियान सुरु गरेको छ।

साइमेक्स केयर, गुहेश्वरीमा आयोजित कार्यक्रममा सुरु गरिएको अभियान देशभरका १३ वटा बिवाइडी सर्भिस सेन्टरमा एक साथ लागु भएको कम्पनीले जनाएको छ। यस अभियानअन्तर्गत व्यावसायिक मर्मत तथा सर्भिस, स्मार्ट भेइकल कनेक्टिभिटी र स्वामित्व सुरक्षासम्बन्धी सेवा उपलब्ध गराइनेछ। सेप्टेम्बर २०२४ अघि डेलिभरी भएका तथा बिवाइडी एप कनेक्टिभिटी र इन्फोटेनमेन्ट एक्टिभेसन सुविधा नपाएका योग्य सवारीसाधनमा यो सुविधा निःशुल्क उपलब्ध गराउने कम्पनीले जनाएको छ। यसबाट पुराना ग्राहकले समेत नयाँ कनेक्टेड भेइकल अनुभव लिन सक्नेछन्। अभियानका लागि साइमेक्सले एनसेल, हिमालयन एभरेस्ट इन्स्योरेन्स र शिखर इन्स्योरेन्ससँग सहकार्य गरेको छ।

## दूधखोला जलविद्युत् आयोजनामा एनएमबी बैंकको वित्तीय व्यवस्थापन



काठमाडौं, साउन २५ (नागरिक)- एनएमबी बैंक लिमिटेडको अगुवाइमा ६५ मेगावाट क्षमताको मनाङस्थित दूधखोला जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन गरिएको छ। दूधखोला हाइड्रो पावर कम्पनी प्रालिले प्रवर्धन गरिरहेको आयोजनामा एनएमबी बैंक अग्रणी बैंक तथा सानिमा बैंक सह-अग्रणी बैंकका रूपमा सहभागी छन्।

आयोजनाको प्रमुख लगानीकर्तामा माउन्टेन इनर्जी नेपाल लिमिटेड र सीताराम तिमिल्सिनाको समूह रहेका छन्। आयोजनाको कुल अनुमानित लागत १२ अर्ब ९० करोड रुपैयाँ रहेकोमा बैंकहरूको ऋण लगानी नौ अर्ब ६७ करोड रुपैयाँ रहनेछ। ऋण सम्झौतामा एनएमबी बैंकका सहायक महाप्रबन्धक दिनेश दुलाल र कम्पनीका अध्यक्ष अरुण केसीले हस्ताक्षर गरेका छन्।

नेपाल राष्ट्र बैंकको वातावरणीय तथा सामाजिक जोखिम व्यवस्थापनसम्बन्धी निर्देशिका, २०२२ अनुसार बैंकले आयोजनाको वातावरणीय तथा सामाजिक पक्षको मूल्यांकन गरेको जनाएको छ। अन्तर्राष्ट्रिय असल अभ्यासअनुसार हाइड्रोपावर सस्टेनेबिलिटी एलायन्स (एचएसए) को उपकरण प्रयोग गरी प्रारम्भिक वातावरणीय, सामाजिक तथा सुशासन परीक्षणसमेत गरिएको छ। बैंकले ५० भन्दा बढी जलविद्युत् आयोजनामा लगानी गरिसकेको जनाएको छ।

## हुलास फिनसर्भको नाफा ४० करोड, लाभांश क्षमता ९३ प्रतिशत

HULAS FINSERV HIRE PURCHASE LTD.

काठमाडौं, साउन २५ (नागरिक)- व्यवसायी शेखर गोल्छाको हुलास फिनसर्भ हायर पर्चेजले गत आर्थिक वर्ष २०८२/८३ मा ३९ करोड ८७ लाख २३ हजार रुपैयाँ खुद नाफा कमाएको छ। कम्पनीको नाफा अघिल्लो आर्थिक वर्षको तुलनामा ८४.४५ प्रतिशतले बढेको हो। अघिल्लो वर्ष कम्पनीले २१ करोड ६१ लाख ६९ हजार रुपैयाँ नाफा गरेको थियो। कम्पनीको चौथो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरणअनुसार व्यवसाय विस्तारसँगै खुद ब्याज आम्दानी उल्लेख्य मात्रामा बढेको छ। खुद ब्याज आम्दानी २२ करोड १० लाखबाट बढेर ४८ करोड २३ लाख रुपैयाँ पुगेको छ। कुल कर्जा लगानीसमेत आठ अर्ब दुई करोड ५५ लाखबाट ५२ प्रतिशतले बढेर १२ अर्ब २१ करोड ८५ लाख रुपैयाँ पुगेको छ।

कम्पनीको चुक्ता पुँजी ८३ करोड रुपैयाँ रहेको छ। हुलास फिनसर्भले बुक बिल्डिङ विधिबाट २० लाख ७५ हजार कित्ता आइपिओ निष्कासनको तयारी गरिरहेको छ। कम्पनीले दुई वर्षअघि नै एनएमबी क्यापिटललाई बिक्री प्रबन्धक नियुक्त गरिसकेको छ।

## होनर एक्स ५ डी सिरिज र एक्स ६ डी स्मार्टफोन सार्वजनिक




काठमाडौं, साउन २५ (नागरिक)- होनर नेपालले बजेट स्मार्टफोन बजारलाई लक्षित गर्दै होनर एक्स ५ डी सिरिज र होनर एक्स ६ डी सार्वजनिक गरेको छ। कम्पनीले बजेट स्मार्टफोन सेग्मेन्टमा पहिलो पटक शून्य प्रतिशत इएमआई सुविधा उपलब्ध गराएको जनाएको छ। होनर एक्स ५ डी सिरिजमा ५,२६० एमएएच क्षमताको ब्याट्री, १५ वाट फास्ट चार्जिङ र ५० मेगापिक्सेल मुख्य क्यामेरा उपलब्ध छ। १२८ जी बीसम्म स्टोरेज रहेको यस सिरिजमा एक्स ५ डी को ४ जी बी र्‍याम र ६४ जी बी स्टोरेज संस्करणको मूल्य २५ हजार ४९९ रुपैयाँ तथा एक्स ५ डी प्लस( ४ जी बी र्‍याम/१२८ जी बी स्टोरेज) को मूल्य २८ हजार ९९९ रुपैयाँ तोकिएको छ।

यस्तै, होनर एक्स ६ डीमा २५६ जी बीसम्म स्टोरेज, ५,२६० एमएएच ब्याट्री, १५ वाट चार्जिङ र ५० मेगापिक्सेल मुख्य क्यामेरा रहेको छ।

## भदौ ९ देखि भृकुटीमण्डपमा 'नाडा अटो सो'




काठमाडौं, साउन २५ (नागरिक)- नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले स्वर्ण जयन्तीको पूर्वसन्ध्यामा नेपाली अटोमोबाइल क्षेत्रको प्रमुख प्रदर्शनी 'एचपी प्रेजेन्ट्स नाडा अटो सो २०२६' आयोजना गर्ने भएको छ। १८औं संस्करणको 'अटो सो' भदौ ९ देखि १४ गतेसम्म काठमाडौंको भृकुटीमण्डप प्रदर्शनी परिसरमा सञ्चालन हुनेछ। आयोजकका अनुसार यस वर्षको प्रदर्शनीमा साना तथा ठूला गरी करिब २०० स्टल रहनेछन्। प्रदर्शनीमा २२ ब्रान्डका यात्रुवाहक कार, १६ ब्रान्डका हल्का व्यावसायिक सवारीसाधन र १२ ब्रान्डका दुईपाङ्ग्रे सवारी साधन सहभागी हुनेछन्। त्यसैगरी आठ नेपाली उत्पादकसहित ६९ वटा कम्पोनेन्ट तथा अन्य सरोकारवाला व्यवसायीले आफ्ना उत्पादन तथा सेवा प्रदर्शनीमा राख्नेछन्। अटो व्यवसायीबाट स्टलका लागि उच्च माग आए पनि भृकुटीमण्डपमा पर्याप्त स्थानको अभावका कारण सबै इच्छुक व्यवसायीलाई स्टल उपलब्ध गराउन कठिन भएको नाडाले जनाएको छ।

## 'लगानी वातावरणमा धरपकड र असमान नीतिले चुनौती थप्यो'



काठमाडौं, साउन २५ (नागरिक)- एनसेलका चिफ कर्पोरेट एन्ड रेगुलेटरी अफिसर ढिल्लीराम श्रेष्ठले व्यवसायीमाथि भइरहेको धरपकड र फौजदारी मुद्दाको त्रासले लगानी सुरक्षामाथि प्रश्न उठाएको बताएका छन्। उनले एनसेलका लगानीकर्तासमेत बैंक तथा वित्तीय संस्थाको लिलामी प्रक्रियामा सहभागी भएकै कारण विभिन्न आरोप र कारबाहीको जोखिममा परेको दाबी गरे। श्रेष्ठले नेपालमा विदेशी लगानी आकर्षित गर्न पूर्वानुमानयोग्य कर प्रणाली आवश्यक रहेको बताए। उनका अनुसार कर अधिकृतले फरक-फरक कर निर्धारण गर्ने प्रवृत्ति अन्त्य गरी कर निर्धारण प्रक्रिया छोट्याउनुपर्छ। उनले आयकर ऐनको दफा ५७ सम्बन्धी व्यवस्था स्पष्ट गर्नुपर्ने भन्दै यही प्रावधानका कारण कम्पनीहरू मर्जर तथा एक्विजिसनमा जानसमेत हिचकिचाइरहेको बताए।

श्रम कानुन, फ्रिक्वेन्सी वितरण र विदेशी मुद्रा सटहीमा पनि समान व्यवहार हुनुपर्ने उनको भनाइ छ। एनसेलले विदेशी मुद्रा भुक्तानीका लागि तीन तहको सरकारी सिफारिस लिनुपर्ने तर प्रतिस्पर्धीलाई सहज व्यवस्था रहेको उनले बताए। एनसेलले अनुमतिपत्र नवीकरण शुल्कबापत २० अर्ब रुपैयाँ बुझाउनुपर्ने अवस्था असमान भएको भन्दै समान सेवा प्रदायकबीच शुल्क र फ्रिक्वेन्सी वितरणमा समान नीति आवश्यक रहेको पनि उनले बताएका छन्।



## वर्गीकृत विज्ञापन/डिस्प्ले

### वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक प्रकाशन मिति
२०८३/०४/२६

यस श्री थारु सामुदायिक वन उपभोक्ता समूह गुलरिया न.पा. ५को सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको वन पैदावार विभिन्न जात र ग्रेडको काठ ३२६३८५, दाउरा ४ चट्टा तथा (बेत) १६१६३ के.जी. जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। वन पैदावारमा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेको उद्योगहरूले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि यस समूहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

श्री थारु सामुदायिक वन उपभोक्ता समूह,
गुलरिया न.पा. ५ बालापुर, बर्दिया।
मो. नं. ९८६४७०५४५८

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

पहिलो पटक प्रकाशन मिति
२०८३/०४/२६

यस टप्पर महिला सामुदायिक वन उपभोक्ता समूह गुलरिया न. पा. ०४, तुल्सिपुर, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको विभिन्न जातको गोलिया चान ७२९ को २११८।१२५ फि. काठ तथा दाउरा ३।५० चट्टाको जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेको उद्योगहरूले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

श्री टप्पर महिला सामुदायिक वन उपभोक्ता समूह,
गुलरिया न. पा. ०४ तुल्सिपुर, बर्दिया।
मो. नं. ९८५८०२५५४८१
९८४४८२२६१९

## संस्थापक शेयर बिक्री सम्बन्धी ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८३/०४/२६)

यस बीमकका तपसिल बमोजिमका संस्थापक शेयरधनीले आफ्नो नाममा कायम संस्थापक शेयर बिक्री गर्ने निवेदन पेश गर्नु भएकाले, संस्थापक शेयर खरिद-बिक्री गर्दा विद्यमान संस्थापक शेयरधनीहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था बमोजिम यो सूचना प्रकाशित गरिएको छ। प्रस्तावित शेयर खरिद गर्न इच्छुक विद्यमान संस्थापक शेयरधनीले श्री नेपाल बीमा प्राधिकरणले तोके बमोजिमको Fit & Proper Test को मापदण्ड पुरा हुने आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस इन्स्योरेन्सको केन्द्रीय कार्यालय, कमलादी, काठमाडौंमा निवेदन दिनुहुन सूचित गरिन्छ। उक्त म्यादभित्र प्रस्तावित शेयर खरिद गर्न विद्यमान संस्थापक शेयरधनीहरूले निवेदन नदिएमा विद्यमान संस्थापक शेयरधनी बाहेकका अन्य व्यक्ति/संस्थालाई शेयर बिक्री गर्ने सम्बन्धमा आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

| क्र.सं. | शेयरधनीको नाम | बिक्री गर्न चाहेको शेयर संख्या | कैफियत |
|---|---|---|---|
| १ | श्री भेन्चर ट्रेडिङ एण्ड इन्भेष्टमेन्ट | ३०,८८८ कित्ता | |

Prabhu Mahalaxmi Life
प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड
कमलादी, काठमाडौं, नेपाल
फोन: ०१-५३००९८८
ई-मेल: info@pmlil.com